# स्थानीय राजपत्र

## शुक्लाफाँटा नगरपालिकाद्वारा प्रकाशित

२०७४ खण्डः १ संख्याः १ मितिः २०७४/१२/२९गते

७ नं प्रदेश,झलारी,कञ्चनपुर,नेपाल

# भाग १

**शुक्लाफाँटा नगरपालिका नगर कार्यपालिकाको कार्यालयको सूचना**

स्थानीय तहको आर्थिक ऐन

***शुक्लाफाँटा नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक***

**प्रस्तावनाः**

शुक्लाफाँटा नगरपालिकाको आर्थिक वर्ष २०७४.०७५ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम शुक्लाफाँटा नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन २०७४ साल श्रावण १ गते देखि शुक्लाफाँटा नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** नगरपालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत):** नगरपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **सवारी साधन करः**नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (५) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

७. **विज्ञापन करः** नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (६) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **मनोरन्जन करः** नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (७) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **सेवा शुल्क, दस्तुरः** नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (८) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका हाट बजार वा पसलमा अनूसूचि (९) मा उल्लिखित व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१२. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि नगरपालिकाले तोके अनुसार हुने छ ।

अनुसुची - १

घर कर :

१. .महेन्द्रराजमार्ग संग जोडिएको पक्कि घरहरुको वार्षिक घर कर रु.१५०।००, वजार क्षेत्र र सो आशपाशको ५०० मिटर सम्म वाटो संग जोडिएको जमिनमा निर्माण भएका पक्कि घरको वार्षिक १००।०० र कच्चि घरको ५०।०० - ( पक्कि घरको प्रति तला थप रु. ५० )

२. माथि १ मा उल्लेखित ग्रामिण क्षेत्रमा पक्कि घरको ८०।०० ( प्रति तला थप ४० थप )

३. ग्रामिण क्षेत्रको टायल,टिन,जस्ता को छाना भएको घरको वार्षिक रु. ५०।०

अनुसुची - २

मालपोत :

१.महेन्द्रराजमार्ग संग जोडिएको कित्ता जग्गाहरुको प्रति कट्ठा ६०।०० , वजार क्षेत्र र सो आशपाशको २०० मिटर सम्म वाटो संग जोडिएको आवाशिय क्षेत्रको प्रति कट्ठा रु. ५०।०० र वाटो संग नजोडिएको प्रति कट्ठा रु. ३०।००

२. ग्रामिण क्षेत्रमा १.५ विगाहा सम्म जग्गा हुनेलाई प्रति कट्ठा रु. १५।००

३. ग्रामिण क्षेत्रमा १.५ विगाहा देखी ३ विगाहा सम्म जग्गा हुनेलाई प्रति कट्ठा रु.२०।००

४. ग्रामिण क्षेत्रमा ३ विगाहा वढी सम्म जग्गा हुनेलाई प्रति कट्ठारु. २५ ।००

५.स्थानीय विकास शुल्क(प्रति कट्ठा)............................... रु.३।००

*(नोट :-मालपोत कर लिदा प्रति कट्ठामा रु ३।०० का दरले स्थानीय विकास शुल्क लिने ।)*

**भुमिकर ( अव्यवस्थित वसोवास वहाल विटौरी कर )**

१.महेन्द्रराजमार्ग संग जोडिएको प्रति कट्ठा रु. १००।००

२. महेन्द्रराजमार्ग संग नजोडिएको सो आशपाशको २०० मिटर सम्म वाटो संग जोडिएको जमिनको प्रति कट्ठा
रु.५०।००

३. माथि सि.न. १ र २ मा उल्लेख भए वाहेक ग्रामिण क्षेत्रमा प्रति कट्ठा रु. १०।००

४. ग्रामिण क्षेत्रमा १ विगाहा वढी हुने जग्गा हुनेलाई प्रति कट्ठा रु. २० ।००

## अनुसुची - ३

क).नगर क्षेत्रभित्र कुनै घर,गोदाम,पसल,ग्यारेज,कारखाना,घरजग्गामा टहरा, पोखरी, मिल आदी बहालमा दिएकोमा दिएको बहाल रकमको २ प्रतिशतका दरले बहाल कर लिने ।

## अनुसुची - ४

*पटके ब्यवसायकर ( दैनिक )*

| | |
|---|---|
| १. प्रत्येक अस्थायी टहरा/फडबाट | रु.१०।– |
| २. न.पा. ले तोकेको ठाउंमा तक्ता खाट आदि राखी ठाउं ओगटी ब्यवसाय गर्नेलाई | रु.१०।– |
| ३. तरकारी राखी ठाउं ओगटी ब्यवसाय गर्नेलाई | रु.१०।– |
| ४. ठेलागाडीबाट एक ठाँउबाट आर्को ठाउंमा सार्न सकिने फलफूलका ठेलाबाट | रु.१५।- |
| ५. तरकारीका ठेलावाट | रु.१०।– |
| ६. इन्जनद्वारा फलफूलको रस र उखुको रस बेच्ने ब्यवसायवाट | रु.२०।– |
| ७. हातले चलाउने मसिनबाट फलफूल,र उखुको रस बेच्ने ब्यवसाय चाट,वदाम विकि | रु.१५।- |
| ८. डि फ्रेजमा विशेष आइस्कीम राखी गरिने व्यबसाय गर्ने बाट ...................... | रु.२० ।- |
| १०. झलारी वजार,वनसमिति वजार र कलुवापुर राजमार्गको छेउ छाउमा रेडिमेट कपडा राखी बिक्री व्यवसाय गर्ने ................................................. | रु.५० ।- |

## *व्यवसाय कर :*

**क. झलारीपिपलाडी नगरपालिका मुख्य वजार केन्द्र र सो आशपाशका क्षेत्रमा रहेका अस्थायी टहरा/फडबाट निम्नानुसार बार्षिक ब्यवसायकर लिने ।**

| | |
|---|---|
| १. खाना खाने होटल र लज ............................ | रु.१२००।– |
| २. चिया नास्ता होटल ................................. | रु.१०००।– |
| ३. खुद्रा अन्य पसल .............................. | रु.१०००।– |
| ४.खोका छाप्रा............................... | रु.५००।- |
| ५.रेडिमेट कपडा पसल......................................... | रु.१५००।- |

**ख. झलारीपिपलाडी नगरपालिका मुख्य वजार केन्द्र वाहेक अन्य ग्रामणि ठाउंमा टहरा/फडबाट निम्नानुसार बार्षिक ब्यवसायकर लिने ।**

| | |
|---|---|
| १.चिया नास्ता होटल ................. | रु.६००।– |

२. किराना पसल ........................... रु.८००।–
३. खाना खाने होटल .......................... . रु.८००।–
४. मिठाई पसल .......................... रु.८००।–
५. रेडीमेड कपडा पसल ........................ रु.१०००।–
६.खोका छाप्रा...................................... रु.५००।-

**नोट : - खुल्ला स्थानमा ब्यापार गर्ने र नगरपालिका क्षेत्र भित्र टहरा,फडमा व्यापार व्यवसाय संचालन गर्दा बातावरण प्रदुषण हुने एवं यातायातको आवत जावतमा असर पार्ने कुरा न.पा.लाई लागेमा त्यस्तो स्थानबाट सो व्यापार व्यवसाय गर्न नगरपालिकाले प्रतिबन्ध लगाउन सक्नेछ ।**

**ग.सरसफाई शुल्क नगरपालिका बजार क्षेत्रमा**

क). तिन तले पक्की घरको प्रति महिना रु.१००।००
ख). दुई तले पक्की घरको प्रति महिना रु.७५।००
ग). एक तले पक्की घरको प्रति महिना रु.५०।००
घ). कच्ची घरको प्रति महिना रु.३०।००

**क) पर्यटकीय होटलको व्यवसाय निम्नानुसार लिने**

पांच तारे होटल ......................... रु. ३५,००० ।–
चार तारे होटल ........................ रु. २५,००० ।–
तीन तारे होटल ....................... रु. २०,००० ।–
दुई तारे होटल ....................... रु. १५,००० ।–
एक तारे होटल .......................... .रु. १०,०००।–

**ख) होटलहरु ( बिर्को खोली मदिरा विक्री गर्ने समेत ) मा निम्नानुसारको बार्षिक ब्यवसायकर लिने**

१. क श्रेणीको स्थान(बजार क्षेत्र अर्न्तगत ) .................. रु.५००० ।-
२. ख श्रेणीको स्थान(ग्रामिण क्षेत्र अर्न्तगत)............................ रु.४००० ।–
३. होटलले क्यासिनो संचालन गरेमा ........... रु.२०००० ।-
५. दोहरी सांझ एण्ड रेष्टुरेन्ट ....................... रु.१२००० ।-

*नोट : क श्रेणीको स्थान भन्नाले नगरपालिका मुख्य वजार केन्द्र झलारी, वनसमिति र कलुवापुर सो वाहेक अन्य ग्रमीण स्थानलाई ख श्रेणीमा पर्ने ।*

**ग. रेष्टुरा,हलवाई,चिया पसलमा बार्षिक ब्यवसायकर निम्नानुसार लिने ।**

१. मिठाइ पसल ( ठुलो ) .......................... रु.२०००।–
२. चिया,चाउमिन जस्ता शाकाहारी नास्ता समेतको मिठाइको पसल रु.१५००।–
३. ग्रामिण क्षेत्रका चिया,चाउमिन जस्ता शाकाहारी नास्ता र मिठाइको पसल रु.१२०० ।–
४. चिया र सामान्य नास्ताका पशल ..................... रु.८००।–
५. चिया र सामान्य नास्ता पसल ( ग्रामिण क्षेत्र ) रु.५००।–
६.होटल/लज/रेष्टुरेन्ट................................. रु.२०००।-

*<u>व्यापारिक बस्तु</u>*

**क. पेट्रोलियम पदार्थको व्यवसायमा निम्नानुसारको बार्षिक ब्यवसायकर लिने ।**

१. पेट्रोल,डिजल र मट्टीतेल र लुब्रिकेन्ट विकि पसल रु ५,०००।-
२. मट्टीतेल मात्रको बिक्री पसल रु.२,०००।–

*नोट :– पेट्रोलियम पदार्थको डिपोका लागि नयां अनुमति दिंदा बजार क्षेत्र देखि बाहिर हुनु पर्ने व्यवस्था मिलाउन उपयुक्त हुने छ ।*

**निम्नानुसार ब्यवसायमा बार्षिक ब्यवसाय कर लिने ।**

१. चुरोट,बिडीजन्य धुम्रपान एजेन्सी ........................ रु.३०००।–
२. साबुन एजेन्सी .................................. रु.२,०००।–
३. बिस्कुट एजेन्सी ................................ रु.२,०००।–
४. टायर एजेन्सी ...................... रु.३,०००।–
५. प्लाष्टिक भांडा आदिको एजेन्सी ............................ रु.२,५००।–
६. चाउचाउ एजेन्सी ............................ रु.२,०००।–
७. एजेन्सीमा थप प्रति एजेन्सीको .................... रु.१०००।–
८. स्वदेशी,बिदेशी कपडा तथा अन्य सामानको थोक पसल ................. रु.३०००।–
९. इलोक्टोनिक पसल ....................... रु.३,०००।–
१०. स्वदेशी बिदेशी तयारी फैन्सि कपडा पसल ............... रु.२,०००।–
११. श्रृंगारको सामानको ठुलो पसल .......... रु.१५,००।–
१२ श्रृगारको सामानको मध्यम पसल .......... रु.१,०००।–
१३. स्टेसनरि व्यवसाय पसल ............................... रु. २,०००।
१४. साइकल बिक्री पसल .......................................... रु.२००० ।-
१५. मोटर साइकलको एजेन्सी तथा सर्भिस सेन्टर समेत....................... रु.७००० ।-
१६. मोटरसाइकिल एक्सचेञ्ज गर्ने व्यवसाय.................... रु.३५००।–
१७. साधारण कपडा पसल.................................................. रु.१००० ।-
१८. मोवाईल सेट विक्री पशल............................... रु.१५००।–
१९. मोटरसाइकल पार्टर्स बिक्री पसल ............................... रु.१५०० ।-
२०. बस,ट्रक, जिप,टयाक्टर बिक्री पसल तथा सर्भिस सेन्टर समेत........ रु.५,०००।-
२१. वस,ट्रक,जिप,टयाक्टर पार्टसको विक्रि पशल.................... रु. ३,०००।–
२२. नाप तौलको ढक तराजु बिक्री पसल...................... रु.१,०००।–
२३. भाडा वर्तन पशल ................................ रु.२,०००।-
२४. प्लाष्टीकको भाडा वर्तन बिक्री पसल ........................ रु.१,५००।–
२५. कृषि कार्यका लागी सानो पावर टिलर एजेन्सी ............................ रु.२५००।–
२६. इलेक्टिक रिक्सा एजेन्सी ....................................................... रु.२,५००।–
२७. कम्प्युटर विक्रि पशल........................... रु.३०००।–
२८. स्टेसनरि र छापाखाना समेतको पशल......................................... रु.३५००।-
२९ . पत्रिका मात्राको पशल ................. रु.३००।-
३० . पेन्टको एजेन्सी .................................... रु.३,०००।-
३२. कुखुरा,माछा,बंगुर,गाइ,भैसीको दाना विकी पसल .............................. रु.३०००।-

**निर्माण सामग्री ,हार्डबेयर, सिसा फ्रेम, बिद्युत समान बिक्री पसलमा निम्नानुसार बार्षिक व्यवसाय कर लिने ।**

१. हार्डबेयर पसल रु.५,०००।–
२. हार्डबेयर पसल ( ग्रामिण क्षेत्र ) ............................. रु.२,५००।–
३. सिसा तथा सिसा फ्रेम पसल .................................... रु.१,५००।–
४. बिद्युत सामग्री र ईलेक्ट्रेक सामानका पशल ......................... रु.३,५००।–
५. खानेपानी धारा सम्बन्धि सामान मात्राको पसल.............................. रु.२,५००।–
६. पेन्ट मात्रको पशल................................ रु.२,५००।-

**किराना / भांडा पसलमा निम्नानुसार बार्षिक व्यवसाय कर लिने ।**

१. किराना पसल -मुख्य बजार ........................... रु. १०००।–
२. ग्रामिण क्षेत्रको किराना पसल ........................... रु. ८००।–
३. भाडा तथा त्यस्तै प्रकृतिका अन्य सामानहरुको पसलमा ............... रु. १,५००।–

**खाद्यान्न खरिद बिकी पसलमा निम्नानुसार बार्षिक व्यवसायकर लिने ।**

१. बाजारमा गद्दी राखी गोदाम गर्ने  व्यवसाय ........................... रु.३०००।–
२. फुटकर खाद्यान खरिद बिक्री व्यवसाय ........................... रु.२,०००।–
३. ग्रामिण क्षेत्रमा गल्ला खरिद गोदाम राख्ने व्यवसाय ........................ रु.१५००।–
२. ग्रामिण क्षेत्रको खरिद काटा वाला व्यवसाय ......................... रु.१,०००।–

**निम्नानुसारका ब्यवसायमा बार्षिक ब्यवसाय कर निम्नानुसार लिने ।**

१. टेलिभिजन लगायत ईलेक्ट्रोनिक सामानको पसल ................. रु.३,०००।–
२. क्यासेट रिकर्डर तथा प्लेयर पसल ................ रु.१२००।–
३. डिस लाइनको केबुल ब्यवसाय .................. रु.७,०००।–
४. काठ मात्रको फर्निचर बिक्री ब्यवसाय रु.२,५००।–
५. काठ समेत अन्य प्रकारका सोफासेट, दराज र फर्निचर बिक्री पसल रु.३,०००।–
६. छाला जुत्ता  एवं अन्य प्रकारका जुता पसल ......................... रु.२,०००।–
७. मदिराको डिष्टिव्युटर ............................ रु.८,०००।–
८. मदिरा मात्रको होलसेल  पसलमा .................. रु.५,०००।-
९. मदिरा रिटेल कार्टुन खोली गर्ने पसल रु.४०००।–
१०. मार्वल /स्लेट मात्रको पसल .................................... रु.३०००।-
११. मल खाद बिउ विजन र किटनाटक ओषधी बिकी पसल ............. रु.२०००।-
१२. तरकारी पसल...................................................... रु.१५००।-
१३. सिरक डसना वनाउने पशल ................................... रु.१५००।–

<u>*उत्पादनमुलक उद्योगमा*</u>

क. **औद्यौगिक कारखाना तथा उद्योगहरु वाट निम्नानुसारको बार्षिक ब्यवसाय कर लिने ।**

१. सुर्ति,गटुखा तथा सुर्तिजन्य पदार्थका उद्योग.....................................रु.५०००।-
२. चावल,तेल,पिठो,दाल, सेलरमिल .................. . रु.३५००।–
३. चावल,तेल,पिठो,दाल, सेलरमिल ( ग्रामिण क्षेत्र ) .................. रु.२५००।–
४. ग्रामिण क्षेत्रमा पम्पसेटबाट चल्ने मिल ..................................... रु.१२०० ।–
५. काठ चिरान मिल ............................................................. रु.७०००।–
६. फर्निचर/ काठ चिरान मिल ............................ ......................रु.१०,०००।–
७. सिमेण्ट रोडी र बालवा प्रयोग गरी हयूमपाईप, पिलरपोल आदि बनाउने उद्योग रु.५०००।–
८. सिमेण्ट रोडी,बालुवा पंयोग गरि रिङ,खुटा,ब्लक,गमला आदी बनाउने उद्योग रु.२५००।–
९. प्लाइउडको कच्चा पदार्थ उत्पादन गर्ने उद्योग रु.५०००।–
१०.पाउरोटी, सर्पत, तथा पापड बनाउने उद्योाग रु.४०००।–
११.गारमेन्ट तयारी पोशाक उधोग रु.४०००।-
१२.फिक्स  चिम्नीको ईटा भट्टा उद्योग रु.१५,०००।–
१३. भुसे ईटा भट्टा उद्योग रु.१०,०००।–
१४.दुई चिम्नीको ईटा भट्टा उद्योग रु.२०,०००।–
१५.स्वीकृती प्राप्त खप्टा टायल भट्टा उद्योग रु ३०००।–
१६. आयसक्रिम बरफ उत्पादन उद्योग रु.२०००।–
१७. मोमबत्ती उत्पादन उद्योग रु.१०००।–
१८. साबुन सोडा उत्पादन उद्योग रु १५००।-
१९ चकलेट,टौफि उत्पादन उद्योग रु.१५००।–
२०. चाउमिन उत्पादन उद्योग रु.२५००।–
२१. छालाका जुत्ता चप्पल बनाउने उद्योग रु.२५००।–
२२. टिनका फर्निचर, सोफा, दराज बनाउने उद्योग रु.५०००।–
२३. काठको फर्निचर, सोफा, दराज बनाउने उद्योग रु.५०००।–
२४. वयलगाडा बनाउने उद्योग रु.१२००।–

२५. काठको गिलास,ठेकी,बनाउने उद्योग रु.१०००।–
२६. भांडा बर्तन बनाउने उद्योग रु.१०००।–
२७. गलैचा, होजियरी उद्योग रु.१२००।–
२८. अगरबत्ती उधोग रु.१०००। -
२९. नमकीन, दालमोट आदि बनाउने उद्योग रु.१५००।-
३०. खाना पकाउने एलपि गेस फिल गर्ने उद्योग रु.७०००।–
३१. स्टिलका फर्निचर वनाउने उद्योग रु.५०००।-
३२. ग्रिल/सटर वनाउने उद्योग रु.३५००।-
३३. सोलर पालर व्यवसाय उद्योग रु.३०००।-

(ख) मर्मत सम्भार सेवा सम्वन्धी निम्नानुसारका व्यवसायमा बार्षिक व्यवसाय कर निम्नानुसार लिने ।

१. बस,ट्क,जिप,टयाक्टर मर्मत पसल................................ रु.२०००।-
२.मोटर साईकल मर्मत पसल........................................... रु.१५००।–
३. कम्प्यूटर मर्मत पसल..................................... रु.१५००।-
४. रिक्सा साईकल मर्मत पसल .................................. रु.१०००।–
५. ब्याट्री चार्ज समेतको पसल ......................... रु.१५००।–
६. खराद मसिन पसल ....................................................... रु.१०००।–
७. गेस मसिन पसल .......................................................... रु.१०००।–
८. ब्याट्री चार्ज पसल ..................................................... रु.१०००।–
९. गेस सिलेण्डर बिक्री पसल............................................. रु.२,०००।–
१०.घडि मर्मत पसल ......................................................... रु.१०००।–
११.टि.भी.,भि.सि.आर,भि.सि.पि,रेडीयो मर्मत पसल......................... रु.२०००।–
१२. रेडियो मर्मत पसल............................................... रु.१०००।–
१३. मोवाईल मर्मत पशल ............................... रु.२०००।–
१४. छाता,टर्च,गेस र सिलाई मसिन मर्मत पसल .......................... रु.१०००।–
१५. बिद्युत सामग्री, मोटर, पंखा र टेलिफोन समेतको मर्मत पसल ........ रु.१५००।–
१६. खोकामा जुत्ता चप्पल मर्मत गर्ने रु.५००।-
१७. सटरिगं व्यवसाय पसलमा ................................................ रु.४०००।–
१८. टायर मर्मत पसल................................................... रु.१५००।–

**ग) स्वास्थ्य सेवा /व्यवसाय संग सम्वन्धित संस्था तथा व्यक्तिवात निम्नानुसारको वार्षिक व्यवसाय /सेवा कर लिने ।**

१.औषधी थोक विक्रेता रु.२०००।
२. दन्त चिकित्सालय ................................... रु.२०००।–
३. औषधि बिक्रि पसल .................................... रु.१५००।–
४. क. चिकित्सक................................................ रु.१५००।–
ख. पशु चिकित्सक......................................... रु.१०००।
ग. कबिराज, बैद्य .................................................. रु १०००।–
घ. दन्त चिकित्सक............................................... रु.१०००।-
५. पशु औषधालय पसल.................................. रु.१५००।–
६. चस्मा विक्रि पशल ............................. रु.१५००।-
७. नर्सिङ्ग होम , निजी अस्पताल .................................. . रु.४०००।-
८. फिजियो थेरापी .................................... रु. १५००-
९. ल्याव परीक्षण सेवा ....................................................... रु. १५००।-
१०. अल्ट्रा साउण्ड एक्सरे सेवा.............................................. रु. १५००।-

घ) निजी कानून व्यवसायी, विमा एजेन्ट, ईन्जिनियरिंग सेवा लगायतका निम्न व्यवसाय संचालन गर्ने व्यक्ति तथा निकायवाट निम्नानुसारको बार्षिक ब्यवसायकर लिने ।

१. बरिष्ठ अधिबक्ता ................ रु.१५००।–
२. अधिबक्ता ....................... रु.१२००।–
३. अभिबक्ता........................... रु.१०००।–
४. अभिकर्ता र लेखनदास ............. रु.५००।–
५. बिमा एजेन्ट व्यबसाय........... रु.१०००।-
६. अनुसन्धान तथा परामर्शदाता ......... रु.३०००।–
७. सिप तथा व्यवसाय प्रवर्धन सेवा केन्द्र... रु.१०००।
८. कृषि विशेषज्ञ ............................................................... रु.१५००।
९. वातावरण विशेषज्ञ रु १५००।
१०.आयकर,मु.अ.कर र लेखा सम्वन्धि सेवा प्रदान गर्ने रु.१०००।-
११. कम्प्युटर एनालिसिष्ट र प्रोग्रामर रु.१५००।-
१२. भाषा अनुवादक रु.५००।-
१३. ईन्जिनियरिङ परामर्श सेवा ............................... रु.२५००।-
१४. सर्भेयर ........................... रु.५००।-
१५. शेयर दलाल रु.१०००।-
१६. नोटरी पव्लिक व्यवसाय रु.१५००।-

ङ) सामान ढुवानि कम्पनी (ट्रान्सपोर्ट) वाट वार्षिक व्यवसाय कर ............ रु.४०००।–

च) कृषि सेवा ब्यवसायमा बार्षिक ब्यवसायकर निम्नानुसार लिने ।

१. कुखुरा पालन ......................................................................... . रु.१०००।–
२. वगुर पालन ............................................................................ रु.१०००।
३. व्यवसायिक कृषी उत्पादन ....................................................... रु.५००।–
४. बोटबिरुवा उत्पादन गर्ने तथा बेचबिखन ( नर्सरी ) .......................... रु.१०००।–
५.माछापालन व्यवसाय ................................................................... रु १०००।–
६.गाई/भैसी/बाखा पालन व्यवसाय............................. रु १०००।-

*अन्य सेवा*

*देहायका अन्य सेवा व्यवसायहरुवाट निम्नानुसारको वार्षिक व्यवसाय कर लिने*

क. निम्नानुसारका ब्यवसायमा बार्षिक ब्यवसाय कर निम्नानुसार लिने ।

१. भन्सार एजेन्ट ................................................................ . रु.१५००।–
२. अर्डर सप्लायर्स ........................................................ रु.१५००।–
३. खसि,बोका मासु बिक्री पसलमा ....................................... रु.१५००।–
४. बंगुर सुगर मासु पसलमा .................................................. रु.१५००।–
५. माछा मात्रको पसलमा ........................................................... रु.१५००।–
६. कुखुरा मात्रका मासु पसलमा .................................................... रु.१५०० ।–
७. खसि,बोका लगायतका मासु बिक्री पसल ( ग्रामिण ) ..................... रु.१०००।–
८. बंगुर सुगर मासु पसल ( ग्रामीण )............................................... रु.१०००।–
९. कुखुरा मात्रको मासु पसल ( ग्रामीण )........................................... रु.१००० ।–
१०.माछा पसलमा ( ग्रामिण )....................................................... रु.१०००।–
११. रांगा मासु पसल .......................................................... रु.१५००। –
१२. पान,बिडी पशल ............................................................ रु.५०० ।–
१३. फल फुल ,तरकारी बिक्री पसलमा ..................................... रु.१५००।–
१४. हजाम पसल ठुलोमा तीन सिटभन्दा वढी भएको .................... रु.२०००।–
१५. हजाम पसल साना ................................................. रु.१५००।–
१६. ब्यूटी पार्लरमा ............................................................ रु.१५००।–
१७. मसाज र पार्लर पसल................................................. रु.२०००।–

१८. मेरिज ब्युरो ( विबाह गराउने संस्था )........................................ रु.१०००।–
२२.शित भण्डार व्यवसाय संचालन रु.५०००।-
२३.सिलाई पसल
क). दुई सिलाई मेसिन सम्मको पसल ............................. रु.१०००।-
ख). दुई सिलाई मेसिन देखि ५ सिलाई मेसिन सम्मको पशल............ रु.१५००।-
ग).५ सिलाई मेसिन देखि माथि सम्मको पशल.................................रु.२०००।-
घ).कपडा सहितको सिलाई पसल .................................................रु.३०००।
२४.निजी टेलीफोन व्यबसाय .................................................. .रु.१५००।
२५.जिम सेन्टर व्यवसाय ........................ रु.१०००।-
२६.कपडा धुने पसल साधारण ...........................................................रु.५००।–
२७.ड्राईक्लिन मेसिन सहित भएको कपडा धुने पसल.................................. रु.१५००।–
२८.सुनचादी बिक्री तथा गर गहना बनाउने पसल ........................... रु.४०००।–
२९.सुनचादी गहना मात्र बनाउने पसल ....................................... रु.३०००।–
३०.कलर ल्याब सहितको फोटो स्टुडियो .................................... रु.२५००।–
३१.सबै किसिमको श्रृगार पसल(डिलर)................................................ रु २०००।–
३२.चुरा पोतेको मात्र श्रृगार पसल .................................................... रु.५००।–
३३.साईन बोर्ड बनाउने पेन्टीङ सेवा ................................................ रु.२०००।–
३४.फोटोकपी पशल......................................................... रु.१०००।–
३५. ग्रिसिङ्ग व्यबसाय .................................................................. रु.१०००।-
३६. घर जग्गा खरिद बिक्री व्यवसाय .............................................. रु.३५०० ।-
३७.अनलाइन सेवा व्यवसाय ......................................................... रु.१२००। -
३८. गेम क्लव व्यवसय....................................... रु १०००।-
३९.डि.जे /भिडियो ग्राफी.............................. रु.१०००।-

*शिक्षा सेवा*

**(क) निम्नानुसारका व्यवसायमा बार्षिक ब्यवसायकर निम्नानुसार लिने (संस्थागत) बाहेक ।**

१. निजि क्षेत्रका स्कुल क्याम्पस
क.आधारभुत विद्यालय ..................................... रु.१५००।००
ख.माध्यमिक विद्यालय ...................................... रु.२५००।००
ग.क्याम्पस तथा कलेज वा सो भन्दा माथि ........... रु.३५००। ००
२. व्यवसायीको सीप विकास समवन्धी प्राबिधिक शिक्षालय ..... रु.३,०००।–
३. कम्प्यूटर इन्सिच्यूट ................ रु.२०००
४. ट्युशन,कोचिंगसेवा..... रु.२५००।–
५. भाषा प्रशिक्षण ................. रु.२,०००।–
६. शैक्षिक परामसं सेवा ......................................... रु २५००।–
७. वैदेशिक रोजगार परामर्श दाता.................................. रु.४०००।००

**ख) निम्नानुसारका निजि शैक्षिक सस्थाहरु खोल्न निम्नानुसारको सिफारिस दस्तुर लिने ।**
क.आधारभुत विद्यालय ..................................... रु.२५००।००
ख.माध्यमिक विद्यालय ...................................... रु.४०००।००
ग.क्याम्पस तथा कलेज वा सो भन्दा माथि ........... रु.६०००। ००

**नोट : कक्षा थपका लागि सिफारिश गर्दा प्रति कक्षा थप रु.१०००।००**

*बित्तिय सेवा*

१. नेपाल सरकारको पूर्ण स्वामित्व रहेको बाहेक आर्थिक कारोबार गर्ने बैक ....
क). क वर्गको बैंक रु.२०,०००।००
ख). ख वर्गको बैंक रु.१५,०००।००

| | |
|---|---|
| ग). ग बैंकहरु | रु.१२,०००।०० |
| घ). घ बैंकहरु | रु.१०,०००।०० |
| ङ). लघुवित | रु.८०००।०० |
| च). १ करोड भन्दा बढि कारोवार गर्ने | रु ६०००।०० |
| २. आर्थिक कारोवार समेत गन वैक वाहेका वित्तिय कम्पनिहरु | रु.३०००।- |
| ३ .बिमा कम्पनी | रु.७०००।– |
| ४. बिदेशी मुद्रा सटही काउन्टर | रु.२५००।- |
| ५. सहकारी बैंक | रु. ५,०००।– |
| ६. रेमिटेन्स सेवा | रु.२०००।- |
| ७. धितोपत्र कारोवार | रु.२५००।- |

*<u>संचार सेवा ( वार्षिक )</u>*

| | |
|---|---|
| १. इमेल / इन्टरनेट व्यवसाय .... | रु. १५००।– |
| २. कुरियर सेवा ..... | रु. १२००।– |
| ३. एस.टि.डि./ आई.एस.टि.डि / फ्याक्स सम्वन्धी निजि व्यवसाय | रु. १०००।– |
| ४. एफ.एम. रडियो ...................................... | रु.२०००।- |
| ५. केवुल नेटवर्क सेवा संचालन सेवामा.................................... | रु.८०००। |

<u>शुक्लाफाटा नगरपालिकामा प्रधान कार्यालय भएका निर्माण व्यवसाय ( वार्षिक )</u>

| | |
|---|---|
| १. (क) श्रेणीका रजिष्टर्ड निर्माण व्यवसायि ............... | रु.३०००।– |
| २. (ख) श्रेणीका रजिष्टर्ड निर्माण व्यवसाय ............ | रु.२५००।– |
| ३. (ग) श्रेणीका रजिष्टर्ड निर्माण व्यवसायि ............ | रु.२०००।– |
| ४.(घ) श्रेणीका रजिष्टर्ड व्यवसायि ............ | रु.१५००।– |

<u>अन्य व्यवसाय : निम्नानुसारका व्यवसायमा वार्षिक व्यवसायकर निम्नानुसार लिने ।</u>

| | |
|---|---|
| १. गोलिया काठ खरिद बिक्री | रु.५०००।– |
| २. ईटा ढुंगा बालुवा गिट्टी जम्मा गरी बिक्री गर्ने | रु.३०००।– |
| ३. रिचार्ज कार्डको थोक पसल | रु. २०००।– |
| ४. बैण्ड बाजा व्यवसाय | रु.२०००।– |
| ५ लाइसेन्स प्रप्त स्थाइ चलचित्र हल | रु.२०००।– |
| ६. थोत्रा बोरा, रस्सीका टुक्रा, पुराना प्लाष्टिक चप्पल कवाड पसल | रु.१५००।– |
| ७ मिनरल वाटर प्लान्ट | रु.२०००।- |
| ८. पम्पसेट डिलर | रु.१५००।– |
| ९ डेरी फार्म( प्रशोधन वाहेक ) | रु.१५००। |
| १०. कोकाकोला, पेप्सी, फन्टा चिसो पेय पदार्थको ऐजेन्सी | रु.२५००।– |
| ११ केसर मिल | रु.१०,०००।– |
| १२. केसर मिल डिपो | रु.५०००।- |
| १३. कपडाको थोक व्यवसाय | रु. २५००।– |
| १४. पूल हाउस | रु. १०००। |
| १५ . पशु खरिद विकि व्यवसाय | रु.२०००।- |
| १६. टेन्ट हाउस सेवा | रु. २५००। |
| १७ डेरी उद्योग( प्रशोधन सहित ) | रु. २०००। |
| १८ अनुमती प्रप्त जनावरका हाड सिंगको व्यवसाय | रु.१५००।– |
| १९. अल्ट्रा एसिड डिष्टील्ड वाटर उत्पादन | रु. १५००।– |

<u>बिशेष परामर्श तथा सामाजिक परिचालन सम्वन्धी संस्था, व्यवसाय सेवामा कर निम्नानुसार लिने ।</u>

१) रु २० लाख सम्मको व्यवसायमा ................. रु.१५००।-
२) रु १ करोड सम्मको व्यवसायमा ........................................ रु.२५००।-
३) रु १ करोड भन्दा माथिको व्यवसायमा ................................ रु.३०००।-

**म.ले.प.बाट लाईसेन्स प्राप्त अडिटरवाट निम्नानुसार वार्षिक व्यवसायकर लिने ।**

१. क श्रेणीको अडिटरलाई ..................... रु.२५००।–
२. ख श्रेणीको अडिटरलाई........................... रु.२०००।–
३. ग श्रेणीको अडिटरलाई ........................... रु.१५००।–
४.घ श्रेणीको अडिटरलाई .............................. रु.१२००।–

## अनुसुची -५

**१. बार्षिक सवारी दर्ता कर**

१. टेम्पो/अटोरिक्सा/मेजिक रु.१०००।–
२. जिप,लेण्डओभर,कार,स्टेशन माइक्रो जिप, बेगन रु.१०००।–
३. बस,ट्रक,लहरी,हे.भि.इक्यूमेण्ट ,अन्य हेभि गाडी रु.१५००।–
४. निजी कार रु.५००।–
५. भाडाका मिनिबस,माइको वस रु.१०००।–
६. ट्रेक्टर भाडाका रु ५००।–
८. इलेक्ट्रनिक रिक्सा, रु.५००।००
९. मोटरसाईकिल,स्कुटर रु.१५०।-
१०. ठेलागाडा रु.१००।-

**नोट : नगर क्षेत्रभित्र संचालित सवारी साधनहरु लाई न.पा मा अनिवार्य रुपमा दर्त्ता गर्न लगाउने । सोको लागी महाकाली अन्चल यातायात व्यबस्था कार्यालय महेन्द्रनगर लाई सहयोगका लागी अनुरोध गर्ने ।**

ख).पटके सवारी कर(दैनिक)

| सि.नं | विवरण | दर |
|---|---|---|
| १ | बस प्रति टिप | रु ५०।०० |
| २ | टक,टिप्पर,व्याक्हो लोडर प्रति टिप | रु ६०।०० |
| ३ | टयाक्टर टालि,मिक्सचर मसिन प्रति ट्रिप | रु ४०।०० |
| ४ | जिप प्रति टिप | रु ३०।०० |
| ५ | कार,टेम्पो प्रति | रु २०।०० |
| ६ | अटो रिक्सा प्रति दिन | रु २०।०० |

## अनुसुची - ६

**बार्षिक विज्ञापन कर**

१.व्यवसायिक दृष्टिकोणले प्रसार गर्ने, साइनबोर्ड राख्ने, पोष्टर टांस्ने, फिल्मी पोष्टर राख्ने (प्रति वर्ग फूट) ............................................................................ रु.६०।-
२.काठ, टिन, दिवालमा,पोल (प्रति वर्गफूट) ........................................... रु.३०।-
३. संघ संस्था पसलको पोष्टरमा ( पटके ) ....................................... रु.५०।-

**नोट : यस सम्वन्धी विज्ञापन राख्ने स्थानको लागि नगरपालिकाको पुर्व स्विकृती लिनु पर्ने ।**

## अनुसुची - ७

**मनोरञ्जन कर**

१. अस्थायी लाइसेन्स लिई भिडियो प्रदसन व्यावसाय संचालन( प्रति दिन) रु.२२५।–

२  पटके थियटर, नौटंकी, सर्कस, (प्रत्येंक पटक) रु.३००।–
३. चटक देखाउने, औषधी बेच्ने (दैनिक) रु.५०।-
४. अन्य खेल देखाउने (दैनिक) रु.२५।–
५. चलत्रित्र व्यवसाय ( वार्षिक ) रु.५००।-

## अनुसुची - ८

**सेवा शुल्क**

१).यसमा उल्लेख हुन छुटेका शीर्षक बाहेक अन्य  व्यवसाय कर,सेवा शुल्क तथा सिफारिस दस्तुर नगर कार्यपालिकाको बैठकको निर्णय तथा गत आ.व.मा भएका नितिगत निर्णयबाट समेत लिन सकिने छ ।

२). एकिकृत सम्पत्ति कर लगाउने सम्वन्धमा  एकिकृत सम्पत्ति कर निर्देशिका तयार पारी  सोही वमोजिम घर जग्गाको मुल्यांकन समितिवाट गराई लागु गर्ने गरी नगरपरिषदवाट अनुमोदन गर्ने ।

३).नगरपालिका वाट व्यक्तिगत प्रयोजनका नाप नक्सा तथा सिमाङ्कन गर्न अमिन माग भई उपलब्ध गराउनु पर्ने भएमा सो वापत १५००।०० सेवा शुल्क लिने ।

२) ***सम्पति जग्गाको मूल्यांकन दस्तूर निम्नानुसार लिने ।***

१. सम्पत्ति/ जग्गाको मुल्यांकन/आय स्रोत प्रमाणित प्रति सयकडामा ..................रु. १० प्रतिशत
(विधार्थिहरुलाई अध्ययनको लागि विदेस जादा सम्पत्ति मुल्यांकन दस्तुरको ५० प्रतिशत छुट दिईनेछ । साथै आवश्यक प्रमाण पेश गर्नु पर्ने छ । )

२. आय प्रमाणित वित्तिय संस्था ......................................................... रु. १०००।००

३) ***निम्नानुसारको सिफारिसमा निम्न बमोजिमको दस्तुर लिने ।***

१. चौहदी प्रमाणित दस्तुर ( महेन्द्रराजमार्गसंग जोडिएको सो आशपाश २००. मि .भित्रको) रु.१,५००।००
२. माथि सि.न. १ मा उल्लेखित  वाहेक अन्य क्षेत्रको चौहदी प्रमाणित दस्तुर ... रु.८००।–
३. साधारण सिफारिस . रु.१५०।–
४. मुद्दा सम्बन्धि सिफरिस . रु.२५०।–
५. सर्जमिन गर्नु पर्ने सिफारिसमा रु.२००।–
६. कृषि/कृषिजन्य उधोगको सिफारिसमा रु.५००।००
७. .साना उद्योगको  सिफारिसमा रु.१,०००।–
८. मझौला उधोगको सिफारिसमा रु.१,५००।
९. ठूला उधोगको सिफारिसमा रु.२,०००।
१०.नागरिकता फाराम रु.१०।–
११. वंशजको नाताले नागरिकता सिफारिस रु.१५०।–
१२. जन्मसिद्ध नाताले नागरिकता सिफरिस रु.२,०००।–
१३. वैवाहिक अंगिकृत नागरिकता सिफारिस रु.३,०००।–
१४. अंगीकृत नागरिकता सिफारिस रु.७,०००।–
१५  नावालक सिफारिश रु.१५०।००
१६.  अंसियार/सगोल/अंशवण्डा दा.खा. सिफारिश रु.५००।००
१७. विवाहित/ अविवाहित प्रमाणित रु.५००।००
१८.  जन्म मिति प्रमाणित रु.१५०।००
१९. घटना दर्ता (कानुनले लिनु पर्ने अवस्थामा) रु.५० ।-
२०. अंग्रेजीमा गरिने (बसोबास, जन्म ,मृत्यु,विवाह ,अविवाहित,नाता ) प्रमाणित दस्तुर रु.६५० ।-
२१. नागरिकता प्रतिलिपी प्रमाणित दस्तुर रु.१५०।-
२२. बसोबास प्रमाणित दस्तुर रु.३००।–
२३.अस्थायी बसोबास प्रमाणित दस्तुर रु.३००।–
२४.टेक्टरको भंसार छुट सम्बन्धी सिफारिस रु.१,०००।–
२५. पम्पसेटको भंसार छुट सम्बन्धी सिफारिस रु.२००।–
२६ चारा काटने मसिनको भन्सार छुट सम्बन्धी सिफारिसमा रु.१५०।–
२७. बिद्युत जडानको सिफारिस/ठाउसारी/नामसारी रु.३००।–
२८. विधुत जडानको सिफारिश ( सस्थागत ) रु.१,०००।-

२९. विधुत जडान उधोग सिफरिश रु १,५००।००
३०. कृषि औजार सम्बन्धि भन्सार छुट सिफारसि रु.२५०।–
३१. टेलीफोन /ठाउसारी/ नामसारी सिफारीस दस्तुर रु.५५०।–
३२. खानेपानी धारा जडान/ठाउसारी/नामसारी सिफारिस रु.३,५०।–
३३. मदिरा( विर्को खोलि ) पसल संचालन सिफारिस रु.१०,०००।–
३४. मदिरा डिलर सिफारिश रु.१५,०००।००
३५. सार्वजनिक टेलिफोन सिफारिस रु.५५०।–
३६. संचार व्यवसायको सिफारिस रु.५००।
३७. व्यवसायको नाामसारी /ठाउसारि दस्तुर/नाउ परिवर्तन रु.५५०।
३८. गैर सरकारी संघ सस्था क्लब तथा समिति आदी सिफारीसमा रु.१,०००।–
३९. नाता प्रमाणित रु.३००।००
४०. नाता प्रमााणित लगायत घटना दर्ता मुचुल्का गर्नु पर्ने भए प्रत्येक सर्जिमनको लागि रु.३५०।०
४१. कुकाठ सिफारिश रु.१०००।००
४२. होटल/लज/रेष्टुरेन्ट सिफारिश(वार्षिक समेत) रु.१५००।००

- न.पा. क्षेत्रमा विद्युत पोल जडान गरे वाफत ने. वि. प्रा.बाट प्रति पोल रु.१५।–
- ट्रान्सर्फमरको प्रतिवर्गफुट रु. ८।– का दरले वार्षिक शूल्क लिने ।
- विद्युत तार प्रति मिटर रु. ०.०१ पैसा लिने

**४. नेपाल खानेपानी संस्थानले पाइप लाईन बिछाए वाफत प्रति मिटर रु. ०.५ पैसाका दरले मासिक सेवा शूल्क लिने ।**
**५. केवुल ,डिस लाईनको प्रति मिटर रु.०.२ पैसा मासिक लिने ।**
**६. नेपाल दुर संचार संस्थानले टेलिफोन लाईन तानेकोमा प्रति पोल वार्षिक रु. १०।–, केवल तारको प्रति मिटर ०.२५ पैसा - मासिक र टेलिफोन क्याविनेट बक्सको प्रति बक्स रु. २।– मासिक शूल्क लिने ।**

*७. घर वाटो प्रमाणित दस्तुर :-*

क. क.जग्गा खरिद बिक्रीको घर बाटो प्रमाणितमा महेन्द्रराजमार्ग संग जोडिएको ( महेन्द्रराजमार्गसंग जोडिएको सो आशपाश १ कि. मि .भित्रको) रु.३०००।-
ख. माथि सि.न. क मा उल्लेखित वाहेक अन्य क्षेत्रको जग्गा खरिद विक्रीको घर वाटो प्रमाणित दस्तुर रु.२५००।००
ग. अशबण्डा, बकसपत्रको घर बाटो प्रमाणित घर बाटो प्रमाणितमा महेन्द्रराजमार्ग संग जोडिएको र नगरपालिका भित्रको अन्य सवै क्षेत्रको रु. २०००।००

*८. खानेपानी धारा जडान शूल्क*

१. कच्ची तथा ग्राइभेल सडक र फुटपाथ काटी धारा जडान गर्नु पर्नेमा रु.६००।–
**नोट :- पक्की सडक र फुटपाथ काटनु पर्नेमा सो कार्य गर्नमा लाग्ने सम्पुर्ण खर्च ल.ई. अनुसारको रकम सम्बन्धित व्यक्ति बाट धरौटि लिई अनुमती दिने र सम्वन्धीत व्याक्तिले मर्मत गरेमा मात्र धरौटी फिर्ता गर्न पर्ने ।**
**९. नक्सापास भई घर बनाउंदा पाउने सहुलियत काठ सम्बन्धि सिफारिस** रु.५००।–
**१०. कार्यालयको व्याकहो लोडर**
१. नगरपालिकाको स्विकृत वार्षिक कार्यक्रम अनुसारको योजनाहरु संचालन गर्दा व्याकहो लोडर माग भएमा प्रतिघण्टा ८००।०० भाडा लिने ईन्धन सम्वन्धित मागकर्ताले व्यहोर्नु पर्ने
२. नगरपालिका भित्र संचालन हुने विकास निर्माणका कामहरुमा अन्य निकायवाट आर्थिक श्रोत व्यहोरिने योजनाहरुमा व्याकहो लोडर माग भएमा प्रति घण्टा १२००।०० लिने ईन्धन सम्वन्धित मागकर्ताले नै व्यहोर्नु पर्ने ।
**११. नक्सा पासमा निम्नानुसार दस्तुर लिने ।**
१. झलारीपिपलाडी नगरपालिकाको मुख्य बजार क्षेत्रको ५०० मिटर दाया वाया आवासिय प्रयोजनका लागि निर्माण हुने घरको प्रति वर्गफूट रु.८।–
२. कोहलपुर, महाकाली राजमार्ग संग जोडिएको स्थानमा व्यवासायिक प्रयोजनका लागि निर्माण हुने प्रति वर्गफूट रु.१०।-
३. १ र २ मा उल्लेखित स्थान वाहेक अन्य स्थानमा निर्माण हुने घरको प्रति वर्ग फुट रु. ६।
४. नक्सा पासको निवेदन किताव.................................................. रु.५००।
५. नक्सा नामसारी दस्तुर...................................................................... रु.५००।
६. नक्साको प्रतिलीपी प्रमाणित दस्तुर......................................................... रु.५००।
७. नक्सा पासको प्रमाण पत्रको प्रतिलीपी दस्तुर ........................................... रु.३००।
८. संन्धि सर्पन सम्वन्धी सार्वजनिक सूचना प्रकासन वाफत दस्तुर रु .................... रु. २००।

९. घर निर्माण सम्पन्न प्रमाण पत्र सिफारिश दस्तुर रु.१०००।

*नोट :-*

*(क) प्राकृतिक प्रकोपमा परेका, अनाथ, अशक्त, अपांगता भएका व्यक्तिहरुले सो सम्वन्धी व्यहोराको सिफारिश माग गरेमा सिफारिश दस्तुर लाग्ने छैन ।*

*(ख) जेष्ठ नागरिक, अपाङ्ग एकल महिला परिवार र शहिद परिवार सदस्यहरुको सामाजिक सुरक्षा सम्बन्धि निवेदनमा निवेदन दस्तुर नलिने ।*

## अनुसुची - ९

क) .यस शुक्लाफाँटा नगरपालिकाबाट निमित झलारी बजारमा रहेको भवनको प्रति सटर मासिक भाडा रु.२०००।०० (दुई हजार मात्र) कायम गरिएको छ । अन्य सेवा शुल्क र भाडा प्रकृया नगर कार्यपालिकाको निर्णानुसार तथा घर बहाल ऐन अनुसार रहनेछ ।

**आज्ञाले,**

**रघुनाथ अवस्थी**

**प्रमुख प्रशासकीय अधिकृत**